छायाँनाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गमगढी, मुगु
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नं. : ९२३९

मिति : २०८२।१०।२९
ने सं ११४६ सिल्लागा १० बिहीवार

## आधारभूत तह (कक्षा ८) परीक्षाका लागि आवेदन फाराम भर्ने भराउने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा यस छायाँनाथ रारा नगरपालिका अन्तर्गतका सामुदायिक र संस्थागत विद्यालयहरूका कक्षा ८ मा अध्ययनरत शैक्षिक सत्र २०८२ सालमा सञ्चालन गरिने आधारभूत तह (कक्षा ८) को वार्षिक परीक्षामा सहभागी हुने नियमित परीक्षार्थीहरूको आवेदन फाराम भरी भराई बुझाउनु हुन यो सूचना प्रकाशन गरिएको छ। परीक्षा आवेदन फाराम भरी भराई बुझाउँदा तपसिल अनुसार गर्नु गराउनु हुन समेत सम्बन्धित सबैमा अनुरोध छ ।

(पूर्ण बहादुर शाही)
नि प्रमुख प्रशासकीय अधिकृत

तपसिल :

१. विद्यार्थीहरूको वैयक्तिक विवरण जन्मदर्ता अनुसार ठिक साँचो छ/छैन? सोको एकीन गरी ठिक साँचो नभएको भए पछिसम्म फरक नपर्ने गरी विद्यालयको EMIS मा सबै विवरण अनिवार्य रूपमा अध्यावधिक गर्ने ।

२. आवेदन फाराम विद्यालयको EMIS मा गई Log in गर्ने र Manage Exam Tab मा गई Application form मा Click गरेर विद्यार्थीको विवरण रुजु र पुनः रुजु गरी एक प्रति Print गर्ने र विद्यार्थीको हालसालै खिचिएको विद्यालय पोसाकमा रहेको फोटो समेत टाँसी विद्यार्थी स्वयम् तथा अभिभावकको हस्ताक्षर गराइसकेपछि प्रधानाध्यापकले प्रमाणित गर्ने र **मिति २०८२ फाल्गुन १० गतेभित्र विद्यार्थीको** अँग्रेजी नामको Alphabetical Order मा फारामहरू मिलाई **अनिवार्य रूपमा विद्यार्थीको जन्मदर्ताको फोटोकपी र EMIS बाट कक्षा ७ उत्तीर्ण गरेको ग्रेडसिटको** प्रतिलिपि सहितको फाइल तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्ने ।

३. शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यार्थीको **Symbol Number कायम गरिसकेपछि परीक्षाको** प्रवेशपत्र Print का लागि विद्यालयको EMIS मा गई Log in गर्ने र Manage Exam Tab मा गई Admit Card मा Click गरेर **प्रत्येक विद्यार्थीको दुई प्रवेशपत्र Print गर्ने** र विद्यार्थीको विद्यालय पोसाकमा रहेको फोटो समेत टाँस गरी प्रधानाध्यापकले प्रमाणित गर्ने ।

४. विद्यालयको पत्रसाथ विद्यार्थीहरूको विवरण Alphabetical Order मा राखी सोही बमोजिम समष्टिगत फाराम तयार गरी पेश गर्ने।

५. विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड, २०८० मा व्यवस्था भए बमोजिम मिति २०८२ फागुन २० गतेभित्र विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कन गरी देहायको ढाँचामा प्रत्येक विषयको

हाजिरी बापत ४, प्रयोगात्मक परियोजना कार्य बापत ३६ र प्रथम/द्वितीय त्रैमासिक परीक्षा अनुसार १० अङ्कका आधारमा पेश गर्नु पर्नेछ। साथै उक्त अङ्क EMIS मा प्रविष्ट समेत गर्नुपर्ने ।

| क्र.स. | विद्यार्थीको नाम, थर | नेपाली | अंग्रेजी | गणित | विज्ञान तथा प्रविधि | सामाजिक अध्ययन तथा मानवीय मूल्य | स्वास्थ्य शारीरिक तथा सिर्जनात्मक कला | स्थानीय विषय |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

६. संस्थागत विद्यालयहरूले आवेदन फाराम बुझाउन प्रति विद्यार्थी रू. ५०० (पाँच सय) का दरले हुन आउने रकम यस कार्यालयको राजश्व शाखामा बुझाई सोको सक्कल भौचर समेत बुझाउनु पर्नेछ । साथै दोब्बर दस्तुर सहित फाराम मिति २०८२ फाल्गुन १६ गतेसम्म बुझाउन सकिने।

बोधार्थ :

श्रीमान् नगर प्रमुखज्यू: जानकारीका लागि सादर अनुरोध ।

श्रीमान् नगर उपप्रमुखज्यू जानकारीका लागि सादर अनुरोध ।

श्री सञ्चार तथा सुचना प्रविधि शाखा वेबसाइट र फेसबुक पेजमा अपलोड गरिदिनु हुन ।